बराहक्षेत्र नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
# चक्रघट्टी, सुनसरी

(प्रथम पटक प्रकाशित मिति २०७७/०२/१६ गते )

## सिलवन्दी बोलपत्र आह्वानको सुचना ।

यस नगरपालिकाको चालु आ. व.२०७६/०७७ को लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा १४ र सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम आवश्यक सेनेटरी प्याड खरिद गर्ने कार्य शिलवन्दी बोलपत्रद्धारा गराउनु पर्ने भएकाले नेपाल सरकारबाट निर्माण इजाजत प्राप्त इच्छुक सेनेटरी प्याड उत्पादन गर्ने कम्पनी तथा सप्लायर्सहरुलाई बोलपत्र पेश गर्नको लागि यो सुचना प्रकाशित गरिएको छ ।

### शर्तहरु

१) बोलपत्र सम्बन्धि कागजात खरिद गर्न चाहने इच्छुक कम्पनि वा सप्लायर्सहरुले सुचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औ दिनको १२:०० बजेभित्र आ.व.२०७५/०७६ सम्मको नविकरण भएको ईजाजत प्रमाण पत्र,कर चुक्ता प्रमाण पत्र,भ्याट दर्ता प्रमाण पत्रको प्रलिलिपी सहित विद्युतीय प्रणालीमार्फत बोलपत्र दाखिला गरिसक्नपर्नेछ ।

२) नियमानुसार पेश भएको बोलपत्रहरु ३१ औ दिनको २.०० बजे कार्यालय,ठेकेदार वा निजका प्रतिनिधीहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ । ठेकेदार वा निजका प्रतिनिधीहरु उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

३) जमानत बापतको रकम यस कार्यालयको चक्रघट्टी स्थित मेगा वैकमा रहेको धरौटी खाता नं.०२२००१०११७४०४ मा दाखिला गरेको सक्कल भौचर वा बोलपत्र खोलिने मितिदेखि मान्य हुनेगरी कम्तीमा १२० दिन म्याद राखी बैक वा वित्तीय संस्थाहरुबाट जारी भएको (विडवण्ड) ग्यारेन्टी बोलपत्र साथ पेश गर्नुपर्ने छ ।

४) बोलपत्रमा आफुले कवोल गरेको अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गरेको हुनुपर्ने छ । यदि अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

५) बोलपत्र स्वीकृत गर्ने,आंशिक स्वीकृत गर्ने,अस्वीकृत गर्ने सम्पुर्ण अधिकार कार्यालयमा सुरक्षित रहने छ ।

६) म्याद नाघी,रित नपुगी र सर्त राखी पेश भएका बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

७) बोलपत्र खरिद गर्ने ,पेश गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट उक्त कार्यहरु गरिनेछ ।

८) कुनै एक फर्म वा संस्थाको नाममा खरिद भएको फारम अर्को फर्म वा संस्थाको नाममा पेश गर्न पाईने छैन ।

९) सेनेटरी प्याडको Expiry Date आपुर्ति गरिने समय देखि कम्तिमा १ बर्ष सम्म रहनुपर्नेछ ।

१०) सेनेटरी प्याड आपुर्ति गर्दा नेपाल सरकार मन्त्री परिषदको सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनुसूची १ बमोजिमको मापदण्ड अनुसारको हुनुपर्नेछ ।

११) सेनेटरी प्याड आपुर्ति गर्दा सेनेटरी प्याडको खोलमा नेपाल सरकारबाट नि:शुल्क वितरणको लागि भन्ने लोगो हुनुपर्नेछ ।

१२) सामाग्रीहरु यस कार्यालयको हाताभित्र आपुर्ति गर्नुपर्नेछ । साथै ढुवानी खर्च सम्बन्धित बोलपत्रदाताले ब्यहोर्नु पर्नेछ ।

१३) यसमा उल्लेख भए बमोजिम बाहेक अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४( संसोधन सहित) अनुसार हुनेछ ।

१४) यस सम्बन्धमा अन्य कुराहरु बुझ्न परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ ।

१५) यो सूचना कार्यालयको वेभसाईट www.barahamun.gov.np मा समेत राखिएको छ ।

### निम्न

| ठेक्का नं. | योजनाको नाम | ल.ई. रकम (भ्याट सहित) | धरौटी | फारम दस्तुर | कै. |
|---|---|---|---|---|---|
| BR/NCB/25/2076/077 | सेनेटरी प्याड आपुर्ति गर्ने कार्य । | ४०,३२,०००।०० | १,२१,०००।०० | ३०००।- | |

प्रमुख प्रशासकीय अधिकृत